स्थानीय सरकार
Local Government
नेचासल्यान गाउँपालिका
Nechasalyan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural municipal Executive
नेचाबेतघारी, सोलुखुम्बु
Nechabetghari, Solukhumbu
कोशी प्रदेश ,नेपाल
koshi province, Nepal
फोन नं. ०३८४१२२७७
E- mail:nechasalyan345@gmail.com

प.सं.२०८२/०८३
च.नं.

मिति २०८२।०७।३०

# कृषि स्नातक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

यस गाउँपालिकाको निर्णयअनुसार कृषि स्नातक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्न तोकिएको योग्यता तथा अनुभव पुगेका ईच्छुक नेपाली नागरिकबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरु सहित सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | बिज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०६/०८२/०८३ | कृषि स्नातक | अधिकृत स्तर छैठौं | १ (एक) | |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव**

क) नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि बिषयमा कम्तिमा स्नातक तह वा सो सरह उर्तीण गरेको

ख) उमेर हद : २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको तथा महिलाको हकमा २१ बर्ष पुरा भई ४० वर्ष ननाघेको ।

ग) कुनै कानूनले अयोग्य नभएको ।

२. दरखास्त पाईने र बुझाउने स्थान: नेचासल्यान गाउँपालिका, सोलुखुम्बु ।

३. दरखास्त दिने अन्तिम मिति: २०८२।०८। ६ गते (कार्यालय समय भित्र) दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र ।

४. आवेदन दस्तुर : रु.१०००। (एक हजार मात्र)

क) नेचासल्यान गाउँपालिकाको आन्तरिक राजश्व खाता नं २५२०१००३०१०१०००२ , राजस्व शीर्षक नं १४२२४ मा जम्मा गरेको बैंक भौचर

५. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तवार्ता

६. परीक्षा मितिः दरखास्त दिने अन्तिम म्यादको भोलिपल्ट सूचना प्रकाशन गरिनेछ ।

**७. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

क) नेपाली नगरिकता प्रमाणप पत्र

ख) न्यूनतम शैक्षिक योग्यताको लब्धांक पत्र

ग) चारित्रिक प्रमाण पत्र

घ) तालिम लिएको प्रमाण पत्र

ङ) अनुभव भए सो संग सम्बन्धिका कागजातहरु

च) २ प्रति पासपोर्ट साईजको फोटो

८. सेवा सुविधा: गाउँपालिकाको नियमानुसार हुनेछ।

९. दरखास्त फारम कार्यालयको website www.nechasalyanmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

२०८२।०६।३०
टंकनाथ घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

*थप जानकारीका लागि सम्पर्क नं.:- ९८६३८०७५२६*

# Invitation for Bids

## Nechasalyan Rural Municipality
## Office of the Rural Municipal Executive
### Nechabetghari, Solukhumbu

***Invitation for Bids for the Construction of Khanepani Yojana***

***Contract Identification No: NCB/WORKS/NSRM/02/2082-083***

**Date of publication: 2082/07/28 (2025-11-14)**

1. **Nechasalyan Rural Municipality** invites Electronic bids from Nepalese eligible bidders for the **Construction of Khanepani Yojana Nechasalyan-01& 05, Solukhumbu** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***1,00,71,575.98 with VAT and PS***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Nechasalyan Rural Municipality office, nechasalyan345@gmail.com, 9851359001 Or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Rastriya Banijya Bank**
   **Name of Office: Nechasalyan Rural Municipality**
   **Office Code no. :**
   **Office Account no.: 2520100301010002 (for Bid document purchase)**
   **Rajaswa (revenue) Shirshak no. : 14229**
   **Information to deposited the bid security amount in dharauti khata (2520100303000002)**
4. Pre-bid meeting shall be held at Nechasalyan Rural Municipality Office at 2025-12-05 on 4:00PM
5. Electronic bids must be submitted to the office Nechasalyan Rural Municipality through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 2082-08-28. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 1:00PM 2082-08-28 at the office of Nechasalyan Rural Municipality. Bids must be valid for 30days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NPR. 2,90,293** ***Exclusive VAT***, which shall be valid for 30 days beyond the validity period of the bid (i.e.120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| Invitation For Bids | Description of Works | Minimum Bid Security Amount | Estimated amount with VAT and PS | Bid Document Price |
|---|---|---|---|---|
| NCB/WORKS/NSRM/ 02/2082-083 | PROCUREMENT OF CONSTRUCTION OF KHANEPANI YOJANA NECHASALYAN 1 & 5 SOLUKHUMBU | NRs. 2,90,293/- (Two lakhs Ninenty thousand Two hundred Ninenty three rupees only ) | NRs.1,00,71,575.98/- (One crore Seventy One thousand five hundred Seventy five rupees and Ninenty Eight paissa only) | NRs. 3,000/- (Three thousands) only |

**CHIEF ADMINISTRATIVE OFFICER**

# ३ महिनामा ७ सय ३२ नक्सा स्वीकृत

नेपाल समाचारपत्र, काठमाडौं

काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्षको ३ महिनामा ७ सय ३२ वटा भवन नक्सा प्रक्रिया टुंग्याएको छ। यसमा प्लिन्थ लेभलसम्मको इजाजत २ सय ३८ र तला थप इजाजत ७ वटाका लागि नक्सा दिएको छ।

भवन निर्माण सम्पन्न प्रमाणपत्र ३ सय ९९ वटा जारी गरेको छ। ४ वटाको डीपीसी ट्रान्सफर र ८४ वटाको स्वामित्व हस्तान्तरण भएको छ। शहरी व्यवस्थापन विभागका प्रमुख सिनियर डिभिजन इन्जिनियर हरिश्चन्द्र लामिछानेले साउन महिनामा मात्र २ सय ७० वटा प्रक्रिया पुरा गरेको बताउनुभयो। भदौमा १ सय ७४ वटा र असोज महिनामा २ सय ८८ वटा भवन नक्सा सम्बन्धी काम सकेको छ।

उहाँका अनुसार आव ०८१/०८२ मा ३ हजार ७ सय ६८ वटा भवन नक्सासम्बन्धी काम टुंग्याएको थियो। यसमा विभागले १ हजार २ सय ७२ वटा प्लिन्थ लेभल सम्मको इजाजतपत्र दिएको थियो। ५१ वटालाई तला थप इजाजत जारी गरेको थियो। २ हजार २ सय ८२ वटा निर्माण सम्पन्न प्रमाणपत्र दिएको छ। डीपीसीसम्मको २, नामसारी र १८ वटा डीपीसी नामसारी प्रमाणपत्र जारी गर्‍यो। यस्तै, १ सय ४३ वटा स्वामित्व नामसारी गरेको छ।

आर्थिक वर्षको महिनागत हेर्ने हो भने ०८१ मा ३ सय ९१ वटा, भदौमा ४ सय ३७, असोजमा ३ सय ५५, कात्तिकमा १ सय ८८, मंसिरमा २ सय ५७, पुसमा २ सय ७९, माघमा ३ सय २, फागुनमा ३ सय २८, चैतमा ४ सय १६ प्रक्रिया पुरा गरेका छन्। ०८२ वैशाखमा २ सय ६ वटा, जेठमा १ सय ८७ वटा र असारमा २ सय ७७ वटा भवन नक्सासम्बन्धी स्वीकृत काम भएको हो।

महानगरपालिकाले यी सबै प्रक्रिया अनलाइनबाट सञ्चालन गर्छ। भवन नक्सा स्वीकृत गर्न, निर्माण सम्पन्न लिन, नामसारी जस्ता भवन नक्साँसग सम्बन्धित प्रक्रिया र राजस्व भुक्तानी अनलाइन प्रणालीबाटै गर्न सकिन्छ।

५ हजार वर्गफुटसम्म क्षेत्रफल भएका भवनको अस्थायी नक्सा अर्थात् डीपीसीसम्मको नक्सा वडाबाटै स्वीकृत हुन्छ। भवनको माथिल्लो संरचना निर्माणको स्वीकृति विभागबाट हुन्छ। त्यसमा ५ हजार वर्गफुटदेखि ७ हजार वर्गफुटसम्मको नक्सा महाशाखा प्रमुखबाट स्वीकृत हुन्छ। ७ हजार देखि ३० हजार वर्गफिटसम्मको नक्सा विभागीय प्रमुखबाट स्वीकृत हुन्छ।

१० हजार वर्गफुटभन्दा माथि क्षेत्रफल भएका भवनको नक्सा स्वीकृत गर्दा प्राविधिक निर्णायक मण्डलको मुल्याकन बमोजिम गर्ने गरिएको छ।

# 'फेरी' लगाएर बाली भित्र्याउने सूचना दिँदै योगी

सीताराम अधिकारी, धादिङ

कात्तिकेदान भनेर 'फेरी' लगाउने कान चिरेका योगीहरुलाई दिने गरिन्छ। फेरी लगाउनु दान मात्र नभएर पाकेको बाली भित्र्याउने महत्वपूर्ण सूचना प्रणाली पनि हो।

नीलकण्ठ नगरपालिका-१२ पशुपति डाँडामा बसोबास गर्दै आएका ६३ वर्षीय रामनाथ योगीको ७ वर्षमा कान चिरिएको थियो भने गुरुबाट गुरुशिक्षा प्राप्त गरेपछि ९ वर्षको उमेरदेखि धादिङबेंसी आसपासको क्षेत्रमा फेरी लगाउँदै आउनुभएको छ। कान चिरेका योगीहरुले फेरी लगाउँदा सुख, शान्ति र समृद्धि प्राप्त भई दुःखहरु नष्ट हुने जनविश्वास छ।

यो सांस्कृतिक परम्पराको रूपमा रहेको छ। 'कात्तिकमा फेरी लगाउनु भनेको पाकेको बाली भित्र्याउने सन्देश दिनका लागि पनि हो।' -उहाँले भन्नुभयो। कान चिरेका योगीले रातको समयमा घर-घरमा पुगेर 'आकासै बाँधौं, पातालै बाँधौं' भन्दै ठूलो स्वरमा मन्त्र पढ्छन्। एउटा लौरो टेकेर बराठको सिङ वा शंख फुकेर मन्त्र पढेपछि अन्नबालीको संरक्षण हुने रामनाथ योगी बताउनुहुन्छ।

ठङ ठङ ठङ तीनपटक लौरो भुईंमा बजारेपछि शंख वा बराठको सिङ फुकिन्छ। अनि मानिसलाई जगाएपछि मन्त्र पढिन्छ। अन्नबाली भित्र्याउने समय भएकाले बारीमा भए जंगली जनावरहरु जंगलतिरै भागुन्, चोर वा लुटेराहरु आएको भए पनि तिनीहरु भागुन् भनेर संरक्षणकर्ताका रूपमा आफूहरुलाई कात्तिकमा फेरी लगाउन भगवान्‌बाट हुकुम भएको उहाँको भनाइ छ।

चैतमा लगाइने फेरीको सन्देश भने बालीनाली लगाउने बेला भयो भनेर सूचना दिइने रहेको छ। रातभर फेरी लगाएपछि भोलिपल्ट फेरी लगाएको घर-घरबाट चामल, धान, मकै, कोदो, दाल, आलु, तेल, नुन, बेसार आदि घरमा खाने सामान समेत राखेर योगीलाई सिदा दिइन्छ।

सिदा दिएपछि भूतप्रेत नलागोस् र सुखी र समृद्धि होस् भनेर आशिर्वाद दिने गरिन्छ। धादिङमा २० जनाभन्दा बढी कान चिरेका योगीले फेरि लगाउने गरेका छन्।

# हिरक जयन्तिको रंगमा रंगियो नामसालिङ

इलाम, (नेस)

माईजोगमाई गाउँपालिका-३ स्थित नामसालिङस्थित नामसालिङ माध्यमिक विद्यालय केवल शिक्षाको केन्द्र मात्र नभई इलामकै गौरव बनेको छ। ७५ वर्षअघि शिक्षाको उज्यालो छर्नका लागि केही अग्रजले सपना देखेका थिए, त्यो सपना अहिले साकार भएर हिरक जयन्तिको उत्सवमा परिणत भएको हो।

सात दशकभन्दा बढीको यात्रा पार गरेर आफ्नो गौरवमय हिरक जयन्ति ७५औं स्थापना दिवस नामसलिङ माविले धूमधामका साथ मनाउन थालेको छ। सात दशकअघि थोरै पुस्तक, धेरै सपना र समुदायको अपार विश्वासका साथ सुरु भएको यो विद्यालय आज सयौं विद्यार्थीको आशाको केन्द्र बन्दै गएको छ। बुधबार (कात्तिक २६ गते) बाट सुरु भएको चारदिने महोत्सवले नामसालिङ गाउँलाई रौनकको रंगमा रंगाएको छ। महोत्सवको उद्घाटनमा विभिन्न जातजातिका झाँकी प्रदर्शन, विद्यार्थीको आकर्षक मार्चपास लगायतका कार्यक्रमहरु रहेका थिए।

चारदिने महोत्सवमा राष्ट्रियस्तरका कलाकारको साथमा सांस्कृतिक कार्यक्रमसहित विभिन्न खेलकुद एवं सम्मानको कार्यक्रम रहेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष यज्ञनिधि अधिकारीले बताउनुभयो। उत्सवमा विद्यालयको इतिहास, उपलब्धि र योगदान समेटिएको स्मारिका लोकार्पण पनि हुँदै छ। राष्ट्रिय गायक यम बराल, डेनी निरौला लगायत कलाकारहरूको प्रस्तुति दिने छन्। महोत्सव अवधिभर विद्यालयको विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने एक सयभन्दा बढीलाई विद्यालयले सम्मान गर्न लागेको उहाँको कथन छ।

कुनै समय विद्यार्थीको चाप अत्यधिक रहेको यस विद्यालय २०७५ सालदेखि नमुना विद्यालयका रूपमा सञ्चालित छ। यस विद्यालयमा पछिल्लो केही वर्षयता विद्यार्थी संख्या भने घट्दो क्रममा छ। बसाईंसराइको दर बढ्दै जानु तथा निजी विद्यालय खुल्ने क्रम बढ्दै जाँदा विद्यालयमा विद्यार्थी घटेका हुन्। विद्यालयले एसईई नतिजादेखि जिल्लामा हुने कुनै पनि क्रियाकलापमा उत्कृष्ट नतिजा ल्याउँदै आएको प्रधानाध्यापक प्रदीप देवको भनाइ छ। इलामकै तेस्रो जेठो विद्यालय मानिने नामसालिङ माविले धेरै विद्यार्थीलाई राज्यका उच्च तहसम्म पुर्‍याएको इतिहास बोकेको छ।

# बैतडीका मतदाता उत्साहित

बैतडी, (नेस)

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बैतडीमा पनि फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्नेको संख्या उत्साहजनक रहेको छ।

गत असोज ९ गतेदेखि नामावली संकलन र अद्यावधिक कार्य सुरु भएकोमा हालसम्म ६ सयभन्दा बढीको नाम दर्ता भइसेकको जिल्ला निर्वाचन कार्यालयका कम्प्युटर अपरेटर रतन चन्दले जानकारी दिनुभयो। हालसम्म ६ सय १८ जनाको नामावलीमा नाम दर्ता भएको छ। जसमा २ सय १ महिला र ४ सय १७ पुरुष रहेका छन्।

यस्तै, दुई महिला र सात पुरुष गरेर नौ जना बाहिर जिल्लाका मतदाताको पनि नाम दर्ता भएको जिल्ला निर्वाचन कार्यालयका निमित्त प्रमुख पुरुषोत्तम जोशीले बताउनुभयो। यसअघि यहाँ १ लाख ६१ हजार ३ सय १२ जनाको नामावलीमा नाम दर्ता भएको रेकर्ड छ। जसमा ८२ हजार १ सय २६ पुरुष, ७९ हजार १ सय ८४ महिला र दुई तेस्रोलिंगी रहेका छन्। निर्वाचन आयोगको वेभसाइट डब्ल्यू डब्ल्यू डब्ल्यू डट इलेक्सन डट जीओभी डट एनपीमा गएर अनलाईनमार्फत आफ्नो विवरण आफैं भर्न सक्ने व्यवस्था छ। अनलाइन विवरण भरिसकेपछि आवेदन फारम प्रिन्ट ल्याएर निर्वाचन कार्यालयमा फोटो र फिंगर प्रिन्ट लिनुपर्छ। त्यसपछि नामावलीमा नाम दर्ता हुने गर्दछ।

नामावलीमा यसअघि नाम दर्ता गराउन छुटेका सम्पुर्णलाई नाम दर्ता गराउन जिल्ला निर्वाचन कार्यालयले आग्रह गरेको छ। १६ वर्ष पुगेर नेपाली नागरिकताको प्रमाणपत्र लिएका नागरिकले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने छन्। फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता १६ वर्षमा हुने भए पनि मताधिकारका लागि १८ वर्ष पुरा भएको हुनुपर्दछ।

श्री सुन्दरीजल आर्सनल कार्यालय, सुन्दरीजल, काठमाडौं

विद्युतिय बोलपत्र आव्हानको सूचना

सूचना नं. २०८२/८३/०१
(प्रकाशित मिति : २०८२/०७/२८ गते)

आर्थिक वर्ष २०८२/८३ मा श्री सुन्दरीजल आर्सनल कार्यालयमा निर्माण तथा मर्मत संभार कार्यहरु गर्न बोलपत्र आव्हान गरिएको छ। बोलपत्र सम्बन्धी बिस्तृत जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http://www.bolpatra.gov.np/egp मा समेत राखिएको छ। निर्माण/मर्मत कार्यको लागि इच्छुक योग्य बोलपत्रदाताहरुले e-GP को माध्यमबाट बोलपत्र पेस गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।

सूचना प्रकाशन हुने कार्यक्रमहरु

| सि.नं. | युनिट | जिल्ला/स्थान | कार्यक्रमको विवरण | लागत अनुमान (मू.अ.कर सहित) | कै. |
|---|---|---|---|---|---|
| १. | श्री सुन्दरीजल आर्सनल कार्यालय | काठमाडौं | Roofing and Truss Works for Different places NA/NCB/WORKS/ARSENAL/082/83/02 | रु.२४,९९,९२१.२४ | |
| २. | श्री सुन्दरीजल आर्सनल कार्यालय | काठमाडौं | Construction of store (Souvenir Workshop) NA/NCB/WORKS/ARSENAL/082/83/03 | रु.२४,९९,९९५.२९ | |

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
भरतपुर, चितवन

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८२/०७/२८

यस कार्यालयबाट मिति २०८२/०६/१२ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट (www.bolpatra.gov.np/egp) मा प्रकाशित सूचना बमोजिम तपसिल बमोजिमको आयोजना निर्माण कार्यको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (PS र VAT सहित) |
|---|---|---|---|
| 02/082-83/ WSSMO/ Chitwan | Construction of Neelakantha Faecal Sludge Management Project, Dhading, Neelakantha Municipality-09, Dhading | Lord Himalayan Construction Company Pvt. Ltd., Koteshwor-32, Kathamndu | 2,91,83,326.65 |

(कार्यालय प्रमुख)

Mahabharat Rural Municipality
Office of the Rural Municipal Executive
Devitar, Kavrepalanchowk
Bagamati Province

Letter of Intent to award the contract

Date of Publication: 2082/07/28

This is to notify, as per section 27(2) of Public Procurement Act 2063, to all concerned bidders that it is our intention to award the following contracts, published on 2082/06/10 in "Annapurna National Daily" to the following bidder selected as substantially responsive lowest evaluated bid in accordance with ITB 32.1 of the Bidding document.

| SN | Name of Contract | Contract Identification Number | Name and address of successful bidder | Quoted Amount (inclusive of VAT and PS) |
|---|---|---|---|---|
| 1 | Construction and Upgrading Work of Tunibas Beteni Bisauni Road | WORKS/MRMO /082-83/01 | Sagarmatha Unique Construction Pvt. Ltd., Namobuddha, Kavre | NRs. 12,802,990.84 |
| 2 | Construction and Upgrading Work of Sola Sahan Gokule Road and Soktel Toke Road | WORKS/MRMO /082-83/02 | K.M.B. Construction and Suppliers, Roshi-1, Kavre | NRs. 11,242,803.99 |
| 3 | Construction Work of Thade Foksingtar Irrigation Project | WORKS/MRMO /082-83/03 | Sagarmatha / Bhumidada – JV, Namobuddha, Kavre | NRs. 14,253,849.22 |

Chief Administrative Officer

Invitation for Bids

Nechasalyan Rural Municipality
Office of the Rural Municipal Executive
Nechabetghari, Solukhumbu

*Invitation for Bids for the Construction of Khanepani Yojana*

*Contract Identification No: NCB/WORKS/NSRM/02/2082-083*

Date of publication: 2082/07/28 (2025-11-14)

1. **Nechasalyan Rural Municipality** invites Electronic bids from Nepalese eligible bidders for the **Construction of Khanepani Yojana Nechasalyan-01& 05, Solukhumbu** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***1,00,71,575.98 with VAT and PS***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Nechasalyan Rural Municipality office, nechasalyan345@gmail.com, 9851359001 Or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Rastriya Banijya Bank**
   **Name of Office: Nechasalyan Rural Municipality**
   **Office Code no. :**
   **Office Account no.: 2520100301010002 (for Bid document purchase)**
   **Rajaswa (revenue) Shirshak no. : 14229**
   **Information to deposited the bid security amount in dharauti khata (2520100303000002)**
4. Pre-bid meeting shall be held at Nechasalyan Rural Municipality Office at 2025-12-05 on 4:00PM
5. Electronic bids must be submitted to the office Nechasalyan Rural Municipality through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 2082-08-28. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 1:00PM 2082-08-28 at the office of Nechasalyan Rural Municipality. Bids must be valid for 30days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NPR. 2,90,293 *Exclusive VAT***, which shall be valid for 30 days beyond the validity period of the bid (i.e.120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| Invitation For Bids | Description of Works | Minimum Bid Security Amount | Estimated amount with VAT and PS | Bid Document Price |
|---|---|---|---|---|
| NCB/WORKS/NSRM/ 02/2082-083 | PROCUREMENT OF CONSTRUCTION OF KHANEPANI YOJANA NECHASALYAN 1 & 5 SOLUKHUMBU | NRs. 2,90,293/- (Two lakhs Ninenty thousand Two hundred Ninenty three rupees only ) | NRs.1,00,71,575.98/- (One crore Seventy One thousand five hundred Seventy five rupees and Ninenty Eight paissa only) | NRs. 3,000/- (Three thousands) only |

CHIEF ADMINISTRATIVE OFFICER